# खनियाबास गाउपालिका
# गाउंकार्यपालिकाको कार्यालय

दार्खा, धादिङ
वागमती प्रदेश, नेपाल

## बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६/११/२९**

आ.व.०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको सडक निर्माण कार्य शिलवन्दी बोलपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाली निर्माण व्यवसायीबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक शिलवन्दी बोलपत्र आह्वान गरिएको छ।

१) यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिन सम्म शीलबन्दी बोलपत्र पेश गर्नको लागि आ.व. ०७६/७७ सम्मको लागि नविकरण भएको इजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र र आ.व.०७५/७६ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छूक कम्पनी वा निर्माण व्यावसायीहरुले बोलपत्रमा सहभागि हुने बोपत्रदाताहरुले बोलपत्र फारम दस्तुर बापतको रकम यस कार्यालयको **बैक अफ काठमाण्डौं खनियाबास शाखामा** रहेको **संचित कोष खाता नं. ०१८६००००००१३५२४** मा जम्मा गरि सो को भौचर समेत पेश गर्नु पर्नेछ।

२) सूचना प्रकाशित मितिले ३१ औं दिनको १२:०० बजेसम्म बोलपत्र पेश गरी सक्नु पर्ने छ वा यस कार्यालयमा बुझाइ सक्नुपर्नेछ। दर्ता हुन आएका शिलवन्दी बोलपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न वाधा पर्ने छैन।

३) बोलपत्र फारम साथ उल्लेख भए अनुसार जमानत वापतको रकम यस कार्यालयको **बैक अफ काठमाण्डौं खनियाबास शाखामा** रहेको **धरौटी खाता नं. ०१८६००००००१४५२४** मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिन म्याद भएको मान्याता प्राप्त वैंक बाट प्राप्त वैंक ग्यारेन्टी (विड वण्ड) पेश गर्नुपर्ने छ।

४) निर्माण व्यावसायीहरुले बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्वन्धमा राम्रोसंग बुझी, हेरी साइट निरीक्षण गरी बोलपत्र भरेको मानिनेछ।

५) बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ, उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६) बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि स्वीकृत अंकको पांच प्रतिशतले हुने रकम वरावरको नगद, वैंक भौचर वा सो वरावरको कम्तीमा एक वर्षको लागि मान्य हुने वैंक जमानत (परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ।

७) कार्यालयको हितलाई ध्यानमा राखी कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्न सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

८) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन्।

९) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टांस गरिने छ।

१०) अन्य कार्यविधिहरु स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६३ सार्वजनिक खरिद ऐन २०६४(संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित), अनुसार हुने छ।

११) बोलपत्र सम्बन्धी थप जानकारीका लागी खनियाबास गाउंपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ।

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान (भ्याटबाहेक) | धरौटी रकम | बोलपत्रफारम दस्तुर |
|---|---|---|---|---|
| Khaniyabas/NCB/ Works/07/076-077 | Chapchet-Liscene Road, Jharlang, Ward No. 1 | 4,993,293.94 | 124,000.00 | 3,000.00 |

खनियाबास गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दार्खा, धादिङ बागमती प्रदेश नेपाल

०७६/१२/०२

प्रमुख प्रशासकीय अधिकृत